लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८१/०८२
च.नं.:- ३६८

मिति : २०८१/१२/०६

## माध्यमिक शिक्षा परीक्षा (SEE) सम्बन्धमा जारी अपिल

२०८१ सालको नियमित तथा ग्रेड बृद्धि तर्फको माध्यमिक शिक्षा परीक्षा (SEE) २०८१ साल चैत्र ७ गते बिहीवारदेखि सञ्चालन हुँदैछ । यस लुम्बिनी प्रदेशमा नियमित तर्फ साधारण र प्राविधिक धारका जम्मा ७४५९८ जना र ग्रेडबृद्धि तर्फ २०३१० जना गरी जम्मा ९४९०८ जना परीक्षार्थी सम्मिलित हुँदैछन् । परीक्षा सञ्चालनका लागि १२ वटै जिल्लमा गरी ३४८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित,ब्यवस्थित निष्पक्ष र शान्तीपूर्ण वातावरणमा सञ्चालन गर्न सबै जिल्लाका परीक्षा समन्वय समितिबाट ३४८ वटै केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भई जिल्लास्तरमा अभिमुखिकरण कार्य समेत भई सकेको छ । परीक्षा सञ्चालन अवधिभर प्रदेश भरी ३४८ केन्द्राध्यक्ष, ६३४ सहायक केन्द्राध्यक्ष, ४७५८ निरीक्षक, ९५८ परीक्षा सहायक र १९०२ कार्यालय सहयोगी गरी जम्मा ८६०० जना जनशक्ति परीक्षा सञ्चालन तथा ब्यवस्थापनका लागि परिचालन गरिएको छ । साथै परीक्षा मर्यादित,भयरहित र शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षा व्यवस्था जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट गरिएको छ ।

यस वर्ष माध्यमिक शिक्षा परीक्षामा (SEE) सम्मिलित हुने सम्पूर्ण परीक्षार्थीहरुलाई कुनै डर, त्रास विना उच्च आत्माबलका साथ परीक्षामा सहभागि हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना दिन चाहन्छौं । परीक्षाको स्वच्छता ,अनुशासन र मर्यादा कायम राख्दै सबै परीक्षार्थीहरुलाई शातिपूर्ण र भयरहित वातावरणको सुनिश्चता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षकका पेशागत संघ-संगठन,शिक्षक, विद्यार्थी,पत्रकार,नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछौं ।

२०८१/१२/६

(रेश्मी राज अर्याल)
नि.महानिर्देशक
नि. महानिर्देशक

✉ edd@lumbini.gov.np https://esdd.lumbini.gov.np